# कैलारी गाउँपालिकाको,आर्थिक ऐन, २०८०

कैलारी गाउँपालिका

हसुलिया, कैलाली

CamScanner

**कैलारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८०**

प्रमाणिकरण मिति : २०८०/०३/२२

**प्रस्तावना** :कैलारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को (२) बमोजिम कैलारी गाउँपालिकाको एघारौं गाउँ सभाले यो ऐन वनाएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कैलारी गाउँपालिका आर्थिक ऐन, २०८०" रहेको छ

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि कैलारी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

२) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले कैलारी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ग) "सभा" भन्नाले कैलारी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधीले तोकिए बमोजिमलाई जनाउँछ।

(ङ) "वडा" भन्नाले वडा समितिको कार्यालयलाई जनाउछ।

(च) "कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कैलारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ।

(ज) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ।

(झ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ।

कैलारी गाउँ... गाउँ कार्यपालिका... हसुलिया, कैलाली सुदूरपश्चिम...

राज कमल चौधरी
गा.पा. अध्यक्ष

(ट) "सेवा शुल्क" भन्नाले कैलारी गाउँपालिकावाट प्रदान गरिने तथा कैलारी गाउँपालिका सेवा प्रदायक रुपमा कार्य गर्ने फर्म, सेवा प्रदायकले बुझाउने शुल्कलाई सम्झनुपर्छ ।

**स्पष्टीकरण:** "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावरको थप जग्गालाई जनाउंदछ ।

३) **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति कर लाग्ने भूमि बाहेकमा कैलारी गाउँपालिकाले अनुसूची (१) वमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४) **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटवजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (२) अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ

५) सम्पत्ति कर : गाउँपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (३) वमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

६) घर वहाल कर : गाउँपालिका क्षेत्रभित्र रहेका घरधनीहरुले व्यावसायिक प्रयोजनका साथै अन्य प्रयोजानार्थ घर, जग्गा तथा अन्य मेशिनरी उपकरणहरु वहाल दिएमा अनुसूची (४) वमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

७) **व्यवसाय कर:** गाउँपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रकिति, आर्थिक कारोवार, स्थान विशेष र लगानीलाई आधार लिई गरिएको वर्गिकरण अनुसार अनुसूची (५) वमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र विगत लामो समय देखि पेशा व्यवसाय संचालन भएका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि आर्थिक वर्ष २०७६।७७ वाट कर लिई पेशा व्यवसायको इजाजत दिइनेछ ।

(३) आर्थिक वर्ष २०७६।०७७ वाट व्यवसाय कर असुल गर्दा व्यवसाय करको दर आर्थिक वर्ष २०८०।०८१ मा उल्लेख भएको दरमा नै असुल गरिनेछ ।

८) **सरकारी सम्पतीको बहाल :** कैलारी गाउँपालिकाका मेसनरी तथा औजारहरुको प्रयोग गरे वाफत कैलारी गाउँपालिकाले अनुसूची (६) वमोजिमको सेवा शुल्क तथा दस्तुर असुल गरिनेछ ।

९) **विज्ञापन सेवा शुल्क :** गाउँपालिका क्षेत्र भित्र आफ्नो व्यवसाय प्रवर्द्धन गर्नका लागि सार्वजनिक रुपमा विज्ञापन गर्ने विज्ञापन एजेन्सी तथा उत्पादकहरुसँग कैलारी गाउँपालिकाले अनुसूची (७) वमोजिम वार्षिक विज्ञापन सेवा शुल्कका रुपमा असुल उपर गरिनेछ ।

१०) **मनोरञ्जन शुल्क:** गाउँपालिका क्षेत्र भित्र आफ्नो मनोरञ्जनात्मक सेवा प्रवाह गर्ने सेवा प्रदायक सँघ संस्थावाट कैलारी गाउँपालिकाले अनुसूची (८) वमोजिम वार्षिक विज्ञापन सेवा शुल्कका रुपमा असुल उपर गरिनेछ ।

११) **सवारी साधन पार्किग शुल्क :** कैलारी गाउँपालिकामा चल्ने सवारी साधनहरुलाई पार्किग कैलारी गाउँपालिकाले अनुसूची (९) वमोजिम सवारी साधन पार्किग शुल्क असुल उपर गरिनेछ ।

१२) **व्यक्तिगत घटना दस्तुर :** कैलारी गाउँपालिकाले व्यक्तिगत घटना दस्तुर (१०) वमोजिमको सेवा शुल्क तथा दस्तुर असुल गरिनेछ ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली

**राज समक्ष चौधरी**
**गा.पा. अध्यक्ष**

CamScanner

१३) **नाता प्रमाणित दस्तुर :** कैलारी गाउँपालिकाबाट नाता प्रमाणित दस्तुर अनुसूची (११) बमोजिमको दस्तुर असुल गरिनेछ ।

१४) **न्यायिक समिति दस्तुर :** कैलारी गाउँपालिकाको न्यायिक समितिबाट सम्पादन गरिने न्याय सम्पादनका लागि अनुसूची (१२) बमोजिमको दस्तुर असुल गरिनेछ ।

१५) **अन्य प्रशासनिक सेवा शुल्क :** कैलारी गाउँपालिका बाट प्रदान गरिने अन्य प्रशासनिक सेवा शुल्क अनुसूची (१३) बमोजिमको दस्तुर असुल गरिनेछ ।

१६) **अन्य दस्तुर तथा सेवा शुल्क :** कैलारी गाउँपालिकाबाट प्रदान गरिने अन्य विभिन्न सिफारिस तथा अन्य प्रशासनिक कार्यका लागि (१४) बमोजिमको दस्तुर/सेवा शुल्क असुल गरिनेछ ।

१७) **सिफारिस दस्तुर :** कैलारी गाउँपालिकाबाट प्रदान गरिने विभिन्न किसिमको सेवाहरुमा कैलारी गाउँपालिकाले अनुसूची (१५) बमोजिमको सिफारिस दस्तुर असुल गरिनेछ ।

१८) **घर नँक्साँ पास दस्तुर तथा सेवा शुल्क :** कैलारी गाउँपालिकाको क्षेत्र भित्र निर्माण गरिने घर नँक्सा पास गे वाफत गाउँपालिकाले (१६) बमोजिमको दस्तुर/सेवा शुल्क असुल गरिनेछ ।

१९) **परीक्षा शुल्क :** कैलारी गाउँपालिका बाट करार सेवा लगायतका विभिन्न माध्यमबाट पदपूर्ति अनुसूची (१७) बमोजिमको परीक्षा शुल्क लिईनेछ ।

२०) **कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम :** कैलारी गाउँपालिका ले कृषि लगायत कृषि जन्य उत्पादनको विक्री वितरणमा अनुसूची (१८) बमोजिमको दस्तुर लिईनेछ ।

२१) **बेरुजु :** कैलारी गाउँपालिकाले असुल उपर गर्ने बेरुजु आम्दानी लाई अनुसूची (१९) बमोजिमको दस्तुर लिईनेछ ।

२२) **सवारी साधन कर (साना सवारी) :** गाउँपालिका क्षेत्र भित्र नियमित तथा पटके रुपमा सेवा उपलब्ध गराउने सार्वजनिक तथा निजि साना सवारी साधनहरुमा अनुसूची (२०) बमोजिम वार्षिक तथा पटके सवारी साधन सेवा शुल्कका रुपमा असुल गरिनेछ ।

२३) **सवारी साधन कर (साना सवारी) :** गाउँपालिका क्षेत्र भित्र ढुँगा, गिट्टी, बालुवा, दहत्तर र वहत्तरको विक्री तथा संकलनमा अनुसूची (२१) बमोजिम कर असुल गरिनेछ ।

२४) **अन्य राजश्व :** कैलारी गाउँपालिका भित्र संचालन हुने सवारी साधनहरु (ठूला), कैलारी गाउँपालिकावाट निकासी गरिने कबाडी सामग्री, जडीबुटी, पर्यटन शुल्क र गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि घाटको ठेक्का व्यवस्थापन तथा ताल तलैयाको ठेक्का व्यवस्थापनका साथै अन्य सबै राजश्वहरु अनुसूची (२२) बमोजिम राजश्व असुल गरिनेछ ।

२५) **दण्ड जरिवाना:** तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका कार्यहरु एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा कानून जरिवाना गरिनेछ

२६) **कर तथा शुल्कमा छुट:** गाउँपालिकाले मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिईनेछ ।

२७) **पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) गाउँपालिकाले गरेको कर शूल्क महशुल दण्ड जरिवाना सम्वन्धी विषयमा चित्त नवुझेका करदाताले गाउँपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्वन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिती गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितीले छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

कैलारी गाउँ... गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश

सुर्जे समफ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

२८) **कर फिर्ता सम्बन्धी व्यवस्था:** करदाताले यस ऐन वमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ सो व्यहोरा साचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

२९) **अन्य व्यबस्था:** (१) गाउँपालिकाका अन्य शाखा तथा वडाहरुवाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर, नागरिकताको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

(२) अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन गाउँपालिकामा पुन: व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(३) गाउँपालिकाले कर तथा शुल्कहरु संकलनकोलागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनकोलागि विद्युतिय माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ ।

३०) **नियमावली तथा कार्यविधि बनाउन सक्ने:** गाउँ कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी नियमावली तथा कार्यविधिहरु वनाई लागु गर्न सक्नेछ ।

३१) **बाधा अड्काउ फुकाउ:** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा कैलारी गाउँपालिका गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

३२) **खारेजी :** साविकमा कैलारी गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राज समझ चौधरी
गा.पा. अध्यक्ष



CamScanner

## अनुसूची -१

# भूमिकर/मालपोत (संकेत नं. ११३१४)

**इकाई : प्रति कठ्ठा वा प्रति वर्ग मिटर (बार्षिक दर)**

| क्र.सं. | जग्गाको विवरण | आ.ब. २०८०/८१ प्रति वर्गमिटर रु. |
|---|---|---|
| १ | "क" वर्गको सडकसँग जोडिएको जमिनका लागि | 0.20 |
| २ | "ख" वर्गको सडकसंग जोडिएको जमिनका लागि | 0.13 |
| ३ | "ग" वर्गको सडकसँग जोडिएको जमिनका लागि | 0.12 |
| ४ | "घ" वर्गको सडकसंग जोडिएको जमिनका लागि | 0.09 |
| ५ | अन्य सडकमा पर्नेमा | 0.08 |
| ६ | वाटो नभएको जमिनका लागि | 0.07 |
| ७ | वजार क्षेत्र जुनसकै वाटोमा भएको जमिनका लागि | 0.44 |

***जरिबाना :***

क. १ वर्षको ५%

ख. २ वर्षको ७%

ग. ३ वर्षको १० %

घ. ४ वर्षको १२ %

ङ. ५ वा सो भन्दा माथि १५ %

**पुनश्च :**

- गत विगत वर्षको मालपोत तिर्नु पर्ने वाँकी वक्यौता रकम गत विगतको साविकको दररेट अनुसार नै कायम गरी मालपोत असुली गर्ने र साविकको गा.वि.स.को भएमा गाउँपालिका लागु भएको शुरुको आर्थिक वर्षको साविकको दररेट अनुसार मालपोत रकम असुलि गर्नु पर्नेछ ।
- सडक गुरु योजनाले सडकलाई चार वर्गमा विभाजन गरी मालपोत भूमिकर शुल्क निर्धारण गरेकोमा "ख" वर्गका सडकहरुको समेत कालोपत्रे गरिएको हुदाँ कालो पत्रे गरिएको क्षेत्र सम्मको सडकको दायावायाँ पर्ने सडकका हकमा "क" वर्गका सडकमा पर्ने जमिनका लागि निर्धारण गरिएको दर रेट अनुसारको मालपोत भुमिकर लिने ।
- कैलारी गाउँपालिकाका विभिन्न नागरीकहरुको जग्गा नदिले पूर्ण रुपमा कटान गरेकोमा किसानसंग फिल्डमा जग्गा नभएको तर लालपुर्जामा जग्गा भएका किसानको हकमा तोकिएको दररेटको ५०% दरले मालपोत भुमिकर लिने र सोको जग्गाको सट्टा ऐलानी पर्ति जग्गाको भोगचलन गरेको हकमा निर्धारित दररेट अनुसार नै मालपोत भुमिकर लिने ।

## अनुसूची -२

# वहाल विटौरी कर (संकेत नं. ११३२२)

**वहाल विटौरी शुल्कको दर**

| सि.नं. | वहाल विटौरी शुल्क | शुल्क प्रतिदिन |
|---|---|---|
| १ | गा.पा. क्षेत्रको सार्वजनिक एवं ऐलानी जग्गामा संचालन भएका स-साना व्यवसायवाट दैनिक संकलन गरिने शुल्क | रु. १० प्रति वर्गफुट |
| २ | गाउँपालिकाद्वारा निर्माण भएका घर, टहरा तथा हाट वजारवाट व्यवसाय संचालन भएको दिनमा संकलन गरिने शुल्क | रु. १०० - |

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली

राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

ऐलानी जग्गा :

बार्षिक दर

| क्र.सं. | ऐलानी जग्गाको विवरण | आ.ब. २०८०/८१ प्रति वर्गमिटर रु. |
|---|---|---|
| १ | "क"वर्गको सडकसँग जोडिएको जमिनका लागि | 0.20 |
| २ | "ख"वर्गको सडकसँग जोडिएको जमिनका लागि | 0.13 |
| ३ | "ग"वर्गको सडकसँग जोडिएको जमिनका लागि | 0.12 |
| ४ | "घ"वर्गको सडकसँग जोडिएको जमिनका लागि | 0.09 |
| ५ | अन्य सडकमा परेमा | 0.08 |
| ६ | वाटो नभएकोमा | 0.07 |
| ७ | वजार क्षेत्र जुनसकै वाटोमा भएको जमिनका लागि | 0.44 |

जरिवाना :

क. १ वर्षको ५%
ख. २ वर्षको ७%
ग. ३ वर्षको १० %
घ. ४ वर्षको १२ %
ङ. ५ वा सो भन्दा माथि १५ %

**पुनश्च :**

- गत विगत वर्षको वहाल विटौरी कर तिर्नु पर्ने बाँकी वक्यौता रकम गत विगतको साविकको दररेट अनुसार नै कायम गरी मालपोत असुली गर्ने र साविकको गा.वि.स.को भएमा गाउँपालिका लागु भएको शुरुको आर्थिक वर्षको साविकको दररेट अनुसार वहाल विटौरी कर असुलि गर्नु पर्नेछ ।
- सडक गुरु योजनाले सडकलाई चार वर्गमा विभाजन गरी ऐलानी जग्गाको वहाल विटौरी करको शुल्क निर्धारण गरेकोमा "ख" वर्गका सडकहरुको समेत कालोपत्रे गरिएको हुदाँ कालो पत्रे गरिएको क्षेत्र सम्मको सडकको दायावायाँ पर्ने सडकका हकमा "क" वर्गका सडकमा पर्ने जमिनका लागि निर्धारण गरिएको दर रेट अनुसारको वहाल विटौरी कर लिने ।
- कैलारी गाउँपालिकाका विभिन्न नागरीकहरुको जग्गा नदिले पूर्ण रुपमा कटान गरेकोमा किसानसंग फिल्डमा जग्गा नभएको तर लालपुर्जामा जग्गा भएका किसानको हकमा तोकिएको दररेटको ५०% दरले ऐलानी जग्गाको वहाल विटौरी कर लिने ।

## अनुसूची -३

## एकीकृत सम्पत्ती कर (संकेत नं. ११३१३)

## सम्पत्ती कर (बार्षिक)

### क. आवासीय प्रयोजनको नम्बरी वा ऐलानी जग्गामा बनेका घरकर

१.भुईतले पक्की भवन रु. १००।-
२. एकतले पक्की भवन रु. १५०।-
३. दुईतले पक्की भवन रु. २००।-
४. तिनतले पक्की भवन रु. ३००।-
५. तिनतला भन्दा माथिका पक्की भवनका लागि रु ५००।-
६. ईट्टाको चिनाईमा टिन/ खप्टाले छाएको घरका लागि रु.९० ।-
७. कच्ची घरको रु. ७५।-

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश नेपाल

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

ख. क्षेत्रमा व्यावसायिक प्रयोजनको लागि  घर कर

१. व्यवसायिक प्रयोजनमा प्रयोग भएका कच्ची घरको रु. १००।
२. व्यवसायिक प्रयोजनमा प्रयोग भएका ईट्टा/ ढुँगाले वनेको टिन/टायलको छाना भएको घरको/खोकाको रु. १५०।
३. व्यवसायिक प्रयोजनमा प्रयोग भएका एकतले सम्म पक्की घरको रु. २००।
४.व्यवसायिक प्रयोजनमा प्रयोग भएका दुईतले पक्की घरको रु. ४००।
५.व्यवसायिक प्रयोजनमा प्रयोग भएका दुईतला भन्दा वढी तला भएका पक्की घरको रु. ६००।

पुनश्च : घर टहरामा व्यवसाय संचालन गर्ने वयवसायीले माथी उल्लेखीत कर बाहेक जुनसुकै प्रकारको व्यवसाय गरेमा उक्त व्यवसायको गा.पा.लाई तिर्नुपर्ने व्यवसाय कर अलगबाट तिर्नुपर्नेछ ।

## अनुसूची -४

## घर वहाल कर (संकेत नं. ११३२१)

१. घर वहाल कर : घर वहाल कर सम्झौता रकमको १० प्रतिशत लिईनेछ ।
२. जग्गा वहाल कर : जग्गा वहाल कर सम्झौता रकमको १० प्रतिशत लिईनेछ ।
३. मेशिनरी तथा अन्य सवै उपकरण बापत वहाल कर : नेपाल सरकारको प्रचलित कानून बमोजिम १० प्रतिशत लिईनेछ ।

## अनुसूची -५

## व्यवसाय कर (संकेत नं. १४६११)

### व्यवसाय कर दर्ता तथा नविकरण दस्तुर बार्षिक

| क्र.सं. | व्यवसायको विवरण | आ.ब. २०८०/८१ |
|---|---|---|
| १ | होटल, लज एवं साधारण होटल मदिरा बिक्रि वितरण नगर्ने | १०००।– |
| २ | होटल रेष्टुरेन्ट(मःम, मासु, माछा मदिरा समेत बिक्रि वितरण गर्ने) | २०००।– |
| ३ | मिठाई पसल | ५००।– |
| ४ | सामान्य चिया नास्ता | ३००।– |
| ५ | कपडा पसल थोक | १५००।– |
| ६ | कपडा पसल खुद्रा | ७००।– |
| ७ | फेन्सी पसल | १५००।– |
| ८ | विविध श्रृगार पसल थोक | १०००।– |
| ९ | विविध श्रृगार पसल खुद्रा | ७००।– |
| १० | विविध श्रृगार पसल तालिम केन्द्र | १५००।– |
| ११ | उनी धागो पसल | ७००।– |
| १२ | जुत्ता चप्पल पसल | १०००।– |
| १३ | मदिराको थोक विक्रेता | ५०००/- |
| १४ | निर्माण सामाग्री | ४०००।– |
| १५ | खाद्यान्न, किराना डिलर | १५००।– |
| १६ | खाद्यान्न, किराना खुद्रा | ५००।– |
| १७ | भाडा पसल | १०००।– |
| १८ | गिफट पसल | ५००/- |
| १९ | पुस्तक तथा पत्रिका पसल | १२००।– |
| २० | छापाखाना | २५००।– |
| २१ | आर्ट | ७००।– |
| २२ | फोटो स्टुडियो तथा भिडियोग्राफी | १०००।– |
| २३ | केवुल नेटवर्क/डिजिटल नेटवर्क प्रदायक | ५०००।– |
| २४ | टि.भी., घडी, पंखा रेडियो विक्री/मर्मत | ७००।– |

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| २५ | च्याम्फा ट्रेक्टर, पानी मोटर मर्मत | १०००।– |
| २६ | साइकल मर्मत | ५००/– |
| २७ | मोटरसाइकल, पार्टस/वर्कसप | १०००।– |
| २८ | ट्रेक्टर वर्कसप | ३०००/ |
| २९ | ड्राइभिङ्ग इन्स्टिच्यूट | १०००।– |
| ३० | टायर मर्मत चारपाँग्रे | ७००।– |
| ३१ | ग्रिल उद्योग | २५००।– |
| ३२ | कवाडी सामानको थोक विक्रेता | १०००।– |
| ३३ | टेण्ट हाउस | २५००।– |
| ३४ | लाउण्डी पसल | ७००।– |
| ३५ | मादल पसल/वाद्यय सामग्री पसल | ७००।– |
| ३६ | गोवर ग्याँस कम्पनी दर्ता (सुचिकृत) | १०००।– |
| ३७ | पाउरोटी/नमकिन/चाउमिन उद्योग | १००० |
| ३८ | एल.पि.जि. ग्याँस विक्रेता पसल चुलो सहित | १०००।– |
| ३९ | सहकारी संस्था | २०००।– |
| ४० | वाणिज्य तथा विकास बैंक | ५००० |
| ४१ | लघुवित्त संस्था | ३००० |
| ४२ | मौजुदा सूचि दर्ता प्रमाण दस्तुर | १००० |
| ४३ | कलर ल्याव | १०००।– |
| ४४ | निजी अस्पताल | ५०००।– |
| ४५ | औषधी पसल (मेडिकल) | १००० |
| ४६ | पशु औषधी पसल / वीज भण्डार (एग्रोभेट) | २०००।– |
| ४७ | रंगरोगन पसल | १५००।– |
| ४८ | इलेक्ट्रिक थोक तथा खुद्रा विक्रेता | २००० |
| ४९ | फर्निचर उद्योग | २५००।– |
| ५० | फर्निचर पसल | १५००।– |
| ५१ | मिल (काठ चिरानी) | ५०००।– |
| ५२ | मिल (कुटानी पिसानी) | २००० |
| ५३ | प्लान्ट मिल | ५००० |
| ५४ | सुनचाँदी पसल | १५००।– |
| ५५ | आइसक्रिम उद्योग तथा पसल | ७००।– |
| ५६ | डेरी उद्योग | १००० |
| ५७ | कपडा सिलाई | १०००।– |
| ५८ | हेयर कटिङ्ग सैलुन | ७००।– |
| ५९ | ल फर्म | १०००।– |
| ६० | घ वर्गको ठेक्का | १००००।– |
| ६१ | निर्माण व्यवसायी क,ख,ग,घ कार्यालय राखे वाफत | १०००।– |
| ६२ | पेट्रोल पम्प | १०,०००।– |
| ६३ | कुरियर, फयाक्स, कम्प्युटर र टेलिफोन पसल/ई सेवा | १०००।– |
| ६४ | उद्योग स्थापना गर्न सिफारिस/स्वीकृती | २५००।– |
| ६५ | सपिङ्ग सेन्टर(विविध) | १०००।– |
| ६६ | तरकारी पसल | ७००।– |
| ६७ | चश्मा पसल | ७००।– |
| ६८ | दात वनाउने पसल | ७००।– |
| ६९ | मासु पसल | १०००।– |
| ७० | नर्सरी र फलफुलका विरुवा विक्री वितरण | ७००।– |

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टमतिया, कैलाली

राज समक्ष चौधरी

| | | |
|---|---|---|
| ७१ | माटोको भाडा बनाउने | ५००।– |
| ७२ | टेक्निकल इन्स्टिच्यूट | १५००।– |
| ७३ | कन्सल्टेन्सी फर्म (इन्जीनियर र ओ.) | ३०००।– |
| ७४ | रेमिटेन्स सेवा | २०००।– |
| ७५ | अडिटर फर्म(क, ख, ग, घ) | १०००।– |
| ७६ | चिकित्सक विशेषज्ञ, सहायक, कविराज | २०००।– |
| ७७ | ल्याव | १०००।– |
| ७८ | मोबाइल ग्यालरी | १०००। |
| ७९ | इट्टा भट्टा उद्योग चिम्नीको | ५०,०००।– |
| ८० | कटिङ्ग ढुंगा उद्योग/क्रेसर उद्योग संचालन | ५०००।– |
| ८१ | ब्लक उद्योग | २०००।– |
| ८२ | ट्राभल्स एण्ड टुर्स प्रा.लि. | २०००।– |
| ८३ | बैदेशिक रोजगार कम्पनी | ५०००।– |
| ८४ | मोवाइल टावर | २०००।– |
| ८५ | ईन्टरनेट सर्भिस प्रोभाइडर कम्पनी | ५०००।– |
| ८६ | कम्प्युटर इन्स्टिच्यूट | १०००।– |
| ८७ | कम्प्यूटर मोवाइल मर्मत केन्द्र | १०००।– |
| ८८ | सिरक डसना सिलाई उद्योग | १०००।– |
| ८९ | नृत्य कला केन्द्र | ७००।– |
| ९० | एफ.एम. रेडियो स्टेशन | १५००।– |
| ९१ | गाई, भैसी, वाखा फर्म/पालन व्यवसाय | १५००।– |
| ९२ | माछा पालन व्यवसाय | २०००।– |
| ९३ | गल्ला/खाद्यान्न व्यापारी ( व्यापारी स्वयमले तिर्ने) | ५,०००।– |
| ९४ | टेलिफोन टावर | ५,०००।– |
| ९५ | पोल्ट्री फर्म | १५००।- |
| ९६ | रासायनिक मल विक्री डिपो | १०००।- |
| ९७ | कृषि समूह दर्ता तथा नविकरण | ५००।- |
| ९८ | कोल्ड्रिक खुद्रा विक्रेता | ५००।- |
| ९९ | कोल्ड्रिक थोक बिक्रेता | १०००।- |
| १०० | प्लाष्टिक पसल खुद्रा | १०००।- |
| १०१ | पलाष्टिक पसल थोक | २०००।- |
| १०२ | गारमेन्ट उद्योग | १०००।- |
| १०३ | कृषि विउबिजन उत्पादन | १०००।- |
| १०४ | विविध व्यवासय दस्तुर | ५००।- |

**द्रष्टब्य :** माथि उल्लेखित पेशा/व्यवसाय बाहेकका क्षेत्रका लागि माथिको व्यवसाय सँग मिल्दोजिल्दो व्यवसाय बरावरको कर/दस्तुर लिईनेछ।

## अनुसूची -६

### सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय (संकेत नं. १४१५१)

यस शिर्षक अन्तर्गत परेका देहायको मेशिनरी उपकरणको दररेट तपसिल बमोजिम हुनेछ।

| क्र.सं. | विवरण | आ.व. २०८०/०८१ |
|---|---|---|
| १ | गाउँपालिकाको भ्याक्हो लोडर इन्धन सहित (प्रति घण्टा) | ३०००।- |
| २ | गाउँपालिकाको भ्याक्हो लोडर इन्धन बाहेक (प्रति घण्टा) | १५००।- |
| ३ | गाउँपालिकाको ट्रेक्टर भाडा डिजल बाहेक (प्रति दिन) | ३०००।- |

## अनुसूची -७

राज समझ चौधरी
गा.पा. अध्यक्ष

## विज्ञापन कर (संकेत नं. ३३३४३)

विज्ञापन सेवा शुल्क बार्षिक दर

| सि.नं. | विज्ञापन करको विवरण | करको दर |
|---|---|---|
| | | आ.ब. २०८०/८१ |
| १ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा ठूलो साईज | ५०००/- |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा सानो साईज | २०००/- |
| ३ | तुल ब्यानर एक हप्ताको लागि | २००/- |
| ४ | तुल ब्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | ३००/- |
| ५ | पोल ब्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म प्रति ब्यानर | ५०/- |

## अनुसूची -८

## मनोरञ्जन कर (संकेत नं. ३३३४२)

मनोरञ्जन शुल्क बार्षिक दर

| क) | मनोरञ्जन कर |
|---|---|
| १ | प्रति टिकटको १० प्रतिशत बराबरको रकम |
| २ | केवुल नेटवर्कहरुको प्रति ग्राहक बार्षिक रु. १००/- केबल व्यवसायबाट |

द्रष्टब्य :- अनुसूची-३ मा माथि उल्लेखित व्यवसायको स्थापना र बार्षिक नविकरण करमात्र भएकोले यो कर पनि अलगबाट तिर्नुपर्नेछ।

## अनुसूची -९

## पार्किङ्ग शुल्क (संकेत नं. १४२४१)

सवारी पार्किङ्ग शुल्कको दर

| सि.नं. | सवारी पार्किङ्ग शुल्क | दर |
|---|---|---|
| १ | ठूला सवारी साधन | रु. १००/- |
| २ | साना सवारी साधन | रु. ५०/ |
| ३ | अन्य शहरी क्षेत्रमा(सबै साना ठूला सवारी साधन) | रु. ५/- |

## अनुसूची -१०

## व्यक्तिगत घटना दस्तुर (संकेत नं. १४२४४)

| सि.नं. | विवरण | आ.ब. २०८०/८१ |
|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | २००।- |
| २ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | ५००।- |

राज समभ्क चौधरी
गा.पा. अध्यक्ष

CamScanner

अनुसूची -११

नाता प्रमाणित दस्तुर (संकेत नं. १४२४५)

| सि.नं. | विवरण | आ.ब. २०८०/८१ |
|---|---|---|
| १ | नाता प्रमाणित | २१०।- |
| | | |

अनुसूची -१२

न्यायिक दस्तुर (संकेत नं. १४२२१)

| सि.नं. | विवरण | आ.ब. २०८०/८१ |
|---|---|---|
| १ | न्यायिक समिति निवेदन दस्तुर | २५ / |
| २ | मिलापत्र दस्तुर | २०० |

अनुसूची -१३

अन्य प्रशासनिक सेवा शुल्क (संकेत नं. १४२२९)

| सि.नं. | विवरण | आ.ब. २०८०/८१ |
|---|---|---|
| १ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| २ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| | | |

अनुसूची -१४

अन्य दस्तुर (संकेत नं. १४२४९)

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | सुचना किताव हेरेको | २०० |
| २ | गा.पा. बाहिर काठ निकाशी<br>क. प्रति टेक्टर,<br>ख. ट्रक | १०००।-<br>१५००।- |
| ३ | सर्जमिन मुचुल्का शुल्क | ५००।- |
| ४ | निवेदन फाराम प्रति पाना | १०।- |
| ५ | अनुसूची | १०।- |
| ६ | तमसुक दर्ता दस्तुर | ३०० |
| ७ | भवन निर्माण दरखास्त फाराम दस्तुर | १०००।- |
| ८ | भरुवा बन्दुक नवीकरण दस्तुर<br>क. जिल्ला भर<br>ख. राज्य भर | ५००/-<br>१०००/- |
| ९ | घर निर्माण नक्शाको नक्कल दस्तुर प्रतितला | २००/- |
| १० | आंशिक रुपमा सरसफाई हुने क्षेत्रमा मासिक | २५।- |
| ११ | नियमित रुपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र बाहेकमा मासिक | ४०।- |
| १२ | नियमति रुपमा सरसफाई हुने क्षेत्र सफा सडक र राजमार्गमा मासिक | ६०।- |
| १३ | ठूला होटल, नाई, हस्पिटल, बोडिङ्ग स्कुल तथा क्लिनिक व्यवसायहरुको मासिक | ७५।- |
| १४ | सक्सन ट्यांक गा.पा. क्षेत्रभित्र प्रत्येक पटक/प्रति ट्यांकर | २५००।- |
| १५ | सक्सन ट्यांक गा.पा. क्षेत्र बाहिर प्रत्येक पटक/प्रति ट्यांकर | ५०००।- |
| १६ | सेप्टिक ट्यांक प्रयोजनको लागि ट्याक्टर प्रयोग गरेमा प्रति ट्याक्टर | १०००।- |
| १७ | गाउँपालिकाको ब्याक्हो लोडर भाडामा लैजाने व्यक्ति/संस्थाले गापाबाट बाहिर चालकको भत्ता समेत व्यहोर्नुपर्नेछ । साथै उक्त साधन भाडामा लैलादा कार्यालयबाट हिडेको समय र आइपुगेको समय एकतर्फी समय मात्र गणना गरिनेछ | ५००।- |
| १८ | **बोडिङ्ग स्कुल संचालन सेवा दस्तुर** | |

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली

सुज समभ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| क | कक्षा १ देखि ५ सम्म | २००० |
| ख | कक्षा १ देखि ८ सम्म | ३००० |
| ग | कक्षा १ देखि १२ सम्म | ५००० |
| १९ | जग्गा मूल्यांकन दस्तुर | |
| क | रु. १० लाख सम्म | १०००।- |
| ख | रु. २० लाख सम्म | १५००।- |
| ग | रु. ३० लाख सम्म | २५००।- |
| घ | रु. ४० लाख सम्म | ३५००।- |
| ङ | रु. ५० लाख सम्म | ४०००।- |
| च | रु. १ करोड सम्म | ५०००।- |
| छ | रु. १ करोड भन्दा माथि | ६०००।- |
| २० | सम्पत्ति मूल्यांकन (ऋण र वैदेशिक रोजगारका लागि) दस्तुर | |
| क | रु. १० लाख सम्म | १०००।- |
| ख | रु. २० लाख सम्म | १५००।- |
| ग | रु. ३० लाख सम्म | २५००।- |
| घ | रु. ४० लाख सम्म | ३५००।- |
| ङ | रु. ५० लाख सम्म | ४०००।- |
| च | रु. १ करोड सम्म | ५०००।- |
| छ | रु. १ करोड भन्दा माथि | ६०००।- |
| २१ | सम्पत्ति मूल्यांकन (अध्ययनका लागि) दस्तुर | |
| क | रु. १० लाख सम्म | १०००।- |
| ख | रु. २० लाख सम्म | १५००।- |
| ग | रु. ३० लाख सम्म | २५००।- |
| घ | रु. ४० लाख सम्म | ३५००।- |
| ङ | रु. ५० लाख सम्म | ४०००।- |
| च | रु. १ करोड सम्म | ५०००।- |
| छ | रु. १ करोड भन्दा माथि | ६०००।- |
| २२ | आय प्रमाणित दस्तुर | |
| क | रु. १० लाख सम्म | १०००।- |
| ख | रु. २० लाख सम्म | १५००।- |
| ग | रु. ३० लाख सम्म | २५००।- |
| घ | रु. ४० लाख सम्म | ३५००।- |
| ङ | रु. ५० लाख सम्म | ४०००।- |
| च | रु. १ करोड सम्म | ५०००।- |
| छ | रु. १ करोड भन्दा माथि | ६०००।- |
| २३ | ल्याव टेस्ट : सडक स्तरनोन्नती | |
| क | २० लाख सम्म | १५००० |
| ख | २० भन्दा माथि | २०००० |
| २४ | ल्याव टेस्ट : सडक कालोपत्रे | |
| क | ५० लाख सम्मको | २५००० |
| ख | ५० लाख भन्दा माथि | ३५००० |
| २५ | अमिन सेवा शुल्क | |
| क | १ कित्ताको रकम | १०००।- |
| ख | १ कित्ता मन्दा भढी भएमा प्रति कित्ता थप रकम | ५००/- |
| २६ | साभा हल हल भाडा दैनिक | १५००।- |
| २७ | हल भाडा कृषि हल दैनिक | ५००।- |

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली

राज समभ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

## अनुसूची -१५

## सिफारिस दस्तुर (संकेत नं. १४२४३)

### सिफारिस दस्तुर दस्तुर बार्षिक

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | जन्म, मृत्यु, विबाह, बसोबास प्रमाणित लगायतको सिफारिस | २००।- |
| २ | नाम,ठेगाना संसोधन वा एकै व्यक्ति हो भन्ने प्रकृतिका सिफारिस | २००।- |
| ३ | घरजग्गा दा.खा.नामसारी सिफारिस<br>क. पाँच लाख सम्मको मुल्याँकनमा रु<br>ख. पाँच लाख देखी दश लाख सम्मको मुल्याँकनमा<br>ग. दश लाख भन्दा माथीको मुल्याँकनमा | <br>७५०।-<br>१०००।-<br>१५००।- |
| ४ | घरबाटो सिफारिस/प्रमाणित<br>क. पाँच लाख सम्मको मुल्याँकनमा रु<br>ख. पाँच लाख देखी दश लाख सम्मको मुल्याँकनमा<br>ग. दश लाख भन्दा माथीको मुल्याँकनमा | <br>७५०।-<br>१०००।-<br>१५००।- |
| ५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ३००।- |
| ६ | अंसियार प्रमाणित तथा सिफारिस | ५००।- |
| ७ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५००।- |
| ८ | सहकारी संस्था दर्ता सिफारिस | २५०० |
| ९ | निजी विद्यालय दर्ता तथा स्तर वृद्धि सिफारिस<br>क. कक्षा १ देखि ५ सम्म,<br>ख. कक्षा १ देखि ८ सम्म,<br>ग. कक्षा १ देखि १२ सम्म) | <br>३,०००।-<br>५,०००।-<br>१०,०००।- |
| १० | काठ दाउराको सिफारिस<br>क. काठ ट्रिप<br>ख. दाउरा ट्रिप | <br>३५०/-,<br>२५०/- |
| ११ | कोचिग कक्षा संचालन सिफारिस | १००० |
| १२ | नम्बरी जग्गाको रुख कटानी सिफारिस(प्रति रुख) | १०० |
| १३ | अँग्रेजी रुपान्तरण प्रति सिफारिस | ५००।- |
| १४ | वंशजको नागरीकता सम्बन्धि सिफारिस | ११०।- |
| १५ | वैवाहिक अंगीकृत नागरीकता सम्बन्धि सिफारिस | ५००।- |
| १६ | नाम छुटको सिफारिस/विद्यार्थीलाई | १००।- |
| १७ | चार किल्ला प्रमाणित सिफारिस<br>क. १ कित्ताको सिफारिस दस्तुर<br>ख. सो भन्दा भढी कित्ता भएमा प्रति कित्ताको थप | <br>५००।-<br>५०।- |
| १८ | सनाखतको सिफारिस | ३००।- |
| १९ | स्थायी बसोबास सम्वन्धी सिफारिस | ५००।- |
| २० | नाम, थर, जन्म मिति संशोधन सिफारिस | २००।- |
| २१ | विद्युत जडान सम्वन्धी सिफारिस | ३००।- |
| २२ | टेलिफोन जडान सम्वन्धी सिफारिस | ३००।- |
| २३ | निजी धारा जडान सम्वन्धी सिफारिस | ३००।- |
| २४ | चारित्रिक सिफारिस | ३००। |
| २५ | विद्युत, टेलिफोन, खानेपानी सम्वन्धी नामसारी सिफारिस | ३००।- |
| २६ | उद्योग स्थापना सिफारिस (अन्य निकायलाई गर्दा मात्र) | ३००।- |
| २७ | भवन निर्माण सम्पन्न सिफारिस | ५००।- |
| २८ | छात्रवृत्ति सम्वन्धी सिफारिस | निशुल्क |
| २९ | सिफारिसको विवरण सच्याईए वापत | सिफारिस शुल्कको ५०% ( आधा) |
| ३० | विविध सिफारिस दस्तुर | २००।- |
| ३१ | जाती प्रमाणित सिफारिस | २१०।- |
| ३२ | सगोल प्रमाणित सिफारिस | २१०।- |
| ३३ | व्यवसाय दर्ता सिफारिस | २१०।- |
| ३४ | घरबाटो भए/नभएको सिफारिस दस्तुर | १०००।- |

कैलारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

राज समभ्र चौधरी
गा.पा. अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| ३५ | नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | ३१०।- |
| ३६ | जग्गा कित्ता काट सिफारिस दस्तुर | ५००।- |
| ३७ | अंशवण्डा र दानवकसमा सिफारिस | ५००।- |
| ३८ | गाउँपालिकाले तत्काल (६ महिना भित्र) धितो मूल्यांकन गरेको सिफारिस पुन: नवीकरण गर्नुपर्दा जुन प्रयोजनको लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत दस्तुर लिईनेछ । | |

## अनुसूची -१६

## नक्सापास दस्तुर (संकेत नं. १४२४२)

**घर नक्सापास दस्तुर**

| सि.नं. | भौतिक संरचनाको विवरण | प्रति वर्ग फिट रु. आ.ब. २०८०/८१ |
|---|---|---|
| १. | आर.सी.सी. फ्रेम स्ट्रक्चर | |
| क) | भुई तला | |
| | ७०० वर्ग फिट सम्मको | ४ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ५ |
| | १२०१ भन्दा माथी | ६ |
| ख) | पहिलो तला | |
| | ७०० वर्ग फिट सम्मको | ५ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ६ |
| | १२०१ भन्दा माथी | ७ |
| ग) | दोश्रो तला | |
| | ७०० वर्ग फिट सम्मको | ६ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ७ |
| | १२०१ भन्दा माथी | ८ |
| घ) | तेश्रो तला वा सो भन्दा माथी प्रत्येक तलाको | १० |
| २. | लोड वेरिगं घर (सिमेन्टको जोडाई ईट्टाले बनेको न्यूनतम २३-३५ से.मी मोटाई) | |
| क) | पहिलो तला | |
| | ७०० वर्ग फिट सम्मको | २ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ३ |
| | १२०१ भन्दा माथी | ४ |
| ख) | दोस्रो तला | |
| | ७०० वर्ग फिट सम्मको | ३ |
| | ७०० - १२०० वर्ग फिट सम्मको | ४ |
| | १२०१ भन्दा माथी | ५ |
| ग) | तेस्रो तला | ५ |
| ३. | लोड बेरिगं घर (सिमेन्टको जोडाई ढुगा बनेको न्यूनतम ३५ से.मी मोटाई) | |
| क) | पहिलो तला | २.५ |
| ख) | दोस्रो तला | ३ |
| ४. | माटोको जोडाईमा इट्टाले बनेको (न्यूनतम २३-३५ से.मी. मोटाई) | १.५ |
| ५. | माटोको जोडाईमा ढुंगाले बनेको (न्यूनतम ३५- ४५ से.मी. मोटाई) | १ |
| ६. | घर नक्सा अनुगमन शुल्क<br>क. आर.सि.सि.<br>ख. अन्य | <br>५/-<br>३/- |
| ७. | भवन निर्माण अनुमतिको लागि दरखास्त फाराम दस्तुर | १०००/- |

अ) पुराना घरहरुको हकमा नक्शा अभिलेखीकिरण कार्यविधिले तोके बमोजिम हुने ।
आ) साधारण स्वीकृतिका लागि फिल्ड शुल्क, सर्जमिन शुल्क लिई सर्जमिन गराई मात्र स्वीकृति दिने ।
इ) नक्सापास क्षेत्र भन्नाले यस कैलारी गाउँपालिका भित्रको सम्पूर्ण क्षेत्रमा निर्माण भएका वा निर्माण गरिने भवनलाई मानिनेछ ।

राज समभ्क चौधरी
गा.पा. अध्यक्ष

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश

## अनुसूची -१७

### परीक्षा शुल्क (संकेत नं. १४२२४)

१. यसमा परीक्षा दस्तुर, दरखास्त दस्तुर र पाठयक्रम विक्रीबाट प्राप्त रकम तथा परीक्षा सम्वन्धि विविध दस्तुर नियमानुसार तोके बमोजिम दस्तुर लिइनेछ ।

## अनुसूची -१८

### कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम (संकेत नं. १४२११)

१. यसमा कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम नियमानुसार तोके बमोजिम दस्तुर लिइनेछ ।

## अनुसूची -१९

### बेरुजु (संकेत नं. १५१११)

१. बेरुजु बाट प्राप्त रकम यसमा लिइनेछ ।

## अनुसूची -२०

### सवारी साधन कर (साना सवारी (संकेत नं. ११४५१)

१. यसमा टाङ्गा, रिक्सा, अटो रिक्सा र इ रिक्सा जस्ता सवारी साधनमा लाग्ने कर असुल उपर गरिनेछ ।

## अनुसूची -२१

### दहत्तर बहत्तर शुल्क (संकेत नं. ३३३६६)

१. यसमा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर र बहत्तरको संकलनमा विक्रीमा लाग्ने शुल्क वापतको रकम नियमानुसार तोके बमोजिम लिइनेछ ।

## अनुसूची -२२

### अन्य राजश्व (संकेत नं. १४५२९)

**१. बार्षिक जडिबुटी, कवाडी र जीवजन्तु करको दर**

यस अनुसूची-२२ मा कर दस्तुर उठाउनका लागि उल्लेख गर्नुपर्ने माल बस्तु र उक्त माल बस्तुको करको दर यस कैलारी गाउापालिका को आन्तरिक आयको प्रक्षेपण-२०७४ मा विस्तृत रुपमा उल्लेख गरिएकोले सोही राजस्व प्रक्षेपण प्रतिवेदनमा तोकिएकै मालबस्तु र करका दरलाई नै यस कैलारी गाउँपालिकाको आर्थिक ऐन-२०८० को अनुसूची-२२ को अंगको रुपमा राखिएको छ ।

**२. सवारी साधन करको दर**

**(क) बार्षिक सवारी साधन सेवा शुल्क**

| सि.नं. | बार्षिक सवारी साधन | करको दर(रु.) |
|---|---|---|
| | | आ.ब. २०८०/८१ |
| १ | बस, ट्रक, लहरी र अन्य हेभी गाडी | १५००|- |
| २ | भाडा तथा निजी मिनीबस, ट्रक | १०००|- |
| ३ | वातावरणमैत्री रिक्सा | ३००|- |
| ४ | भाडाको कार जिप | १०००|- |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | १०००|- |
| ६ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा माथि | ५००|- |
| ७ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा सानो | ३००|- |
| ८ | स्कुटर, मोटरसाइकल | २००|- |
| ९ | अटो रिक्सा | ३००|- |
| १० | पावर टेलर | २००|- |
| ११ | लोडर, डोजर र एक्साभेटर, जेसिभि, रोलर(भ्याकुम),कम्पेन | १५००|- |
| १२ | इलेक्ट्रिक मोसा तथा स्कुटर | १०० |

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

## (ख) पटके सवारी सेवा शुल्क (वार्षिक)

| सि.नं. | पटके सवारी सेवाको विवरण | करको दर(रु.)२०८०/८१ |
|---|---|---|
| १ | बस, ट्रक | ५०।- |
| २ | लहरी(६ टायरभन्दा बढी) | १००।- |
| ३ | ट्र्याक्टर ठुलो(४० हर्षपावरभन्दा बढी) | ४०।- |
| ४ | मिनी बस, ट्रक | ३०।- |
| ५ | निजी कार, भाडा कर | २०।- |
| ६ | टयाम्पो | २०।- |
| ७ | विदेशी बस ट्रक | २००।- |
| ८ | विदेशी लहरी(६ टायर भन्दा बढी) | २००।- |
| ९ | विदेशी मिनी बस, ट्रक | १५०।- |
| १० | विदेशी कार टयाक्सी | १००।- |

## ३. पर्यटन शुल्कको दर

| सि.नं. | विवरण | वार्षिक करको दर |
|---|---|---|
| १ | आन्तरिक | १०० /- |
| २ | वाह्रय | ५०० /- |

- आ.व. २०८०/८१ का लागि नदी जन्य पदार्थको संकलन उत्खननको वार्षिक ठेक्का अंक मु.अ. कर सहित वातवारणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार ठेक्का गर्ने नदी जन्य पदार्थको उत्खननमा प्रदेश सरकारले निर्धारण गरेको दररेट कायम लागु गर्नका लागि सिफारिस गर्ने ।

  पुनश्च :(१) यस गा.पा. भित्रका बासिन्दाले घरयासी प्रयोजनका लागि गाडामा संकलन उत्खखन गरेमा कर नलाग्ने यदि व्यवसायिक प्रयोजनका लागि संकलन गरेमा प्रति गाडा रु ५०,तिर्नु पर्नेछ ।

  पुनश्च :(१) यस गा.पा. भित्रका बासिन्दाले घरयासी प्रयोजनका लागि गाडामा संकलन उत्खखन गरेमा कर नलाग्ने यदि व्यवसायिक प्रयोजनका लागि संकलन गरेमा प्रति गाडा रु ५० तिर्नु पर्नेछ ।
- पुन : प्रयोगका लागि गा.पा.वाट वाहिर निकाशी गरिने कवाडी मालसमानको कवाडी करको वार्षिक ठेक्का अंक मु.अ. कर वाहेक सहित रु. १,६५,०००/- स्थानीय राजश्व परामर्श समितिको सिफारिसलाई पारित गर्ने ।

## ४. कवाडी करको समानको दर रेट तपशिल बमोजिम लागु गर्ने

| क्र.स. | समानको विवरण | ईकाई | करको दर | कैफियत |
|---|---|---|---|---|
| १. | झिण्डु (प्राकृतिक र कृतिम उनका टुक्रा | प्रति के.जी. | रु. २ | |
| २. | गार्मेन्ट कपडाको टुक्रा | प्रति के.जी. | रु. २ | |
| ३ | जलेको मोबिल | प्रति के.जी. | रु. १ | |
| ४. | जुट र पालिष्टको बोरा | प्रति के.जी. | पैसा ५० | |
| ५. | कार्पेटको टुक्रा | प्रति के.जी. | रु. २ | |
| ६. | टायर टुव | प्रति के.जी. | रु. २ | |
| ७. | थांत्रो टिन | प्रति के.जी. | रु २ | |
| ८. | पुरानो ड्रम | प्रति के.जी. | रु. २ | |
| ९ | पुरानो कागज | प्रति के.जी. | रु १ | |
| १० | अखवार पुरानो (न्यूज प्रिन्ट) | प्रति के.जी. | रु २ | |
| ११ | अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | रु २ | |
| १२ | फलाम | प्रति के.जी. | रु. २ | |
| १३. | अन्य धातु (तामा पितल) | प्रति के.जी. | रु. ४ | |
| १४. | थांत्रिएको काम नलाग्ने मेसिनरी औजार | प्रति के.जी. | रु. २ | |
| १५ | पोलिथिन पाईपका टुक्रा | प्रति के.जी. | रु. २ | |



कैलारी गाउँपालिका गाउँपालिकाको कार्यालय कैलाली

राज समझ चौधरी
गा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १८. | कोक तथा अन्य पेय पदार्थका बोतल | प्रति गोटा | ५० पैसा | |
| १९. | वियरका बोतल, मदिराका बोतल तथा अन्य बोतल | प्रति गोटा | ५० पैसा | |

- हाल ठेक्का पट्टा व्यवस्थापन भई सकेको बाहेकका ताल एंव पर्यटकीय क्षेत्रका सम्बन्धमा कर/ठेक्का रकम व्यवस्थापन गर्नु परेमा गरिने समयमै गाउँपालिकाबाट व्यवस्थापन उपयुक्त हुने निर्णय गरियो ।
- यस गा.पा.बाट आन्तरीक आय सम्बन्धि ठेक्का लिने पक्षले आफुले कबोल गरेको रकम सम्झौताका वखत अग्रिम एक मुष्ठ बुझाएको खण्डमा कबोल गरेको रकमको मु.अ. कर बाहेकमा १०% छुट दिने राजश्व परामर्श समितिको सिफारिसलाई पारित गर्ने निर्णय गरियो ।
- यस गा.पा लाई तिर्नु पर्ने मालपोत भुमिकर, घरकर लगायतका अन्य कर दस्तुर करदाताले पौष मसान्त सम्ममा बुझाएमा पारित गरिए अनुसारको दर लाग्नेछ ।
- यस गा.पा. भित्रका बाँसिन्दालाई गा.पा.को कर दस्तुर तिर्ने सम्बन्धमा जागरण दिनका लागि सबै वडाका जनप्रतिनिधि, भलमन्सा, बजार समितिका मुख्य पदाधिकारीलाई अनुशिक्षण कार्यक्रम संचालन गर्ने सिफारिसलाई पारित गर्ने निर्णय गरियो ।
- यस गा.पा. भित्र परम्परागत रुपमा संचालित घाटहरुमा गा.पा.ले ठेक्का पट्टाका माध्यमबाट आय संकलन गर्दै आईरहेकोमा उक्त घाटहरुको ठेक्कापट्टालाई आगामी आ.व. पनि निरन्तरता दिदै बढा बढ गर्दै मु.अ. कर सहित स्थानीय राजश्व परामर्श समितिका सिफारिसका आधारमा तपशिल बमोजिमको बार्षिक दर निर्धारण गर्ने निर्णय पारित गरियो ।

**५. कैलारी गाउँपालिका भित्र रहेका घाटहरुको ठेक्का न्यूनतम रकम तपसिल अनुसार कायम गरिनेछ ।**

- भितरीया घाट, वडा नं.४ न्यूनतम रु. ५५,०००
- निमुवाबोझी घाट, वडा नं.३ न्यूनतम रु. ३०,०००
- खोनपुर घाट, वडा नं.३ न्यूनतम रु. २,७५,०००
- गोवरैला घाट, वडा नं.५ न्यूनतम रु. ३०,०००
- वडका पलिया घाट, वडा नं.५ न्यूनतम रु. २०,०००

**५. गापा भित्रका ताल तलैयाहरुको माछा पालन व्यवसायको ठेक्का बाट प्राप्त भएको ठेक्का रकम यस शिर्षक राखिनेछ ।**

आगामी आ.व.मा ठेक्का व्यवस्थापन गर्नुपर्ने तालहरुको न्युनतम कबोल अंक (५ पाँच वर्षको लागि) तपसिल बमोजिमको कायम ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

| तालको विवरण/नाम | ठेगाना | न्यूनतम ठेक्का अंक | ठेक्का अवधी |
|---|---|---|---|
| लठ्ठाहुवा ताल | कैलारी गा.पा.१,२ | ९९,००,०००/- | ५ वर्ष |
| भटही ताल | कैलारी गा.पा.२ | ८९,१००/- | ५ वर्ष |
| मसरिया ताल | कैलारी गा.पा.६ | १६,५०,०००/- | ५ वर्ष |
| परसुवा ताल | कैलारी गा.पा.७ | २,८३,०००/- | ५ वर्ष |
| कोइलही ताल(क) | कैलारी गा.पा.९ | १२,२२,२२२/- | ५ वर्ष |
| कोइलही ताल(ख) | कैलारी गा.पा.९ | ६,७६,५०० | ५ वर्ष |
| कुइलहुवा ताल | कैलारी गा.पा.९ | ८,२५,०००/- | ५ वर्ष |
| पश्चिम रखौनी ताल | कैलारी गा.पा.५ | २०,१३,०००/- | ५ वर्ष |
| उत्तर रखौनी ताल | कैलारी गा.पा.५ | १६,७३,१००/- | ५ वर्ष |
| राखौनी भगतपुरन ताल | कैलारी गा.पा.५ | १८,७०,०००/- | ५ वर्ष |

17

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली

राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| दक्षिण राखौनी ताल | कैलारी गा.पा.५ | १३,२०,०००/- | ५ वर्ष |
| सौनिय ताल | कैलारी गा.पा.५ | ५,५५,५००/- | ५ वर्ष |
| ठूला कोइलही ताल | कैलारी गा.पा.९ | ३०,८०,०००/- | ५ वर्ष |
| सुइतीताल पूर्व र पश्चिम | कैलारी गा.पा.७ | १,६५,०००/- | ५ वर्ष |
| जमनेहता ताल | कैलारी गा.पा.१ | २,२७,७००/- | ५ वर्ष |

- माथि उल्लेखित ताल लगायत कैलारी गाउँपालिकामा रहेका सम्पूर्ण ताल तलैयाहरुलाई एकद्धार प्रणालीका माध्यमबाट कैलारी गाउँपालिकाको स्वामित्वमा ल्याउनका लागि तालहरुको EIA (वातावरणीय प्रभाव मूल्यांकन) गरी प्रभाव मूल्यांकनका आधारमा तालहरुको न्युनतम अंक समायोजन गर्ने गरी सिफारिस गर्ने निर्णय गरियो ।
- कैलारी गाउँपालिकामा रहेका सम्पूर्ण ताल तलैयाहरुलाई एकद्धार प्रणालीका माध्यमबाट कैलारी गाउँपालिकाको स्वामित्वमा ल्याउनका लागि तालहरुको [illegible] (वातावरणीय प्रभाव मूल्यांकन) गरी प्रभाव मूल्यांकन गरी गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि राजिनितिक दल, जिल्ला डिभिजन वन कार्यालय, सेक्टर वन कार्यालय, सब डिभिजन कार्यालय, सामुदायिक वन उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति, विभिन्न क्लवहरु, नागरिक समाज, भलमन्साहरुसँग समन्वय तथा सहकार्य गरी गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि आवश्यक प्रक्रियागत कदम चाल्नका लागि कार्यदल गठन सहितको सिफारिस गर्ने निर्णय गरियो ।

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली

राज समझ चौधरी
गा.पा. अध्यक्ष